# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

## बिष्णुपुर गाउँपालिका, सिरहा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं. १ र प्रदेश नं. २ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७७।७८
च. नं. २०४

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
बिष्णुपुर गाउँपालिका,
गाउँकार्यापालिकाको कार्यालय,
सिरहा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ को प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रदेश नं. १ र प्रदेश नं. २ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७७।७८
च. नं. २०३

मितिः २०७८।०५।०४

श्री अध्यक्षज्यू,
बिष्णुपुर गाउँपालिका,
गाउँकार्यापालिकाको कार्यालय, सिरहा ।

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले बिष्णुपुर गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०३।०६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया प्राप्त भएन ; अन्तिम प्रतिवेदन पाना चौबिस (२४) यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु. २ करोड ३३ लाख ५० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३६ लाख ८८ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १ करोड ५६ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु. ३३ लाख ७ हजार र पेश्की बाँकी रु. ६ लाख ९० हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकी नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब महालेखापरीक्षक

**बिष्णुपुरगाउँपालिका**
**लेखापरिक्षण प्रतिवेदन**
**आर्थिक बर्षः २०७६।७७**

परिचयः स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाउँपालीकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नुहो। प्रदेश नं. २ मा अवस्थित यो गाउँपालिका अन्तगत ५ वडा रहेका छन्। २७ सभासदस्य र २६.३४ वर्गकिलोमिटर क्षेत्रफल रहेको छ ।

स्थानीय संचितकोषः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता लगायतको आर्थिक वर्ष २०७६।७७ को आयव्यय हिसाबको समग्र अवस्था निम्न बमोजिम रहेको छ।

म.ले.प.फा.नं. २७२

बिष्णुपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय,सिराहा

कार्यालयको कोड : ८०२१६५०६३००

वितीय प्रतिवेदन

आ.व. : २०७६/७७ अवधी : २०७६/०४/०१ - २०७७/०३/३१

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत /सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ४४,०७,०९,०२२.३० | २९९५८४८४८.२८ | | २९९५८४८४८.२८ | | | |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ३४,९५,३३,१७९.३० | २०७५२२२१५.२८ | ० | २०७५२२२१५.२८ | ० | ० | ० |
| ११००० कर | ११ | ७,१४,५०,००० | १,०२,५४,८०८.२८ | ० | १,०२,५४,८०८.२८ | ० | ० | ० |
| १३००० अनुदान | | २७,७१,३३,१७९.३० | १८,३७,५७,३३१ | ० | १८,३७,५७,३३१ | ० | ० | ० |
| संघीय सरकार | १२ | २५,४१,३१,००० | १६,२०,८२,३३१ | ० | १६,२०,८२,३३१ | ० | ० | ० |
| प्रदेश सरकार | १२ | १,७६,८४,००० | २,१६,७५,००० | ० | २,१६,७५,००० | ० | ० | ० |
| जनसहभागिता | | ५३,१८,१७९.३० | ० | ० | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ९,५०,००० | ८०,०२० | ० | ८०,०२० | ० | ० | ० |
| अन्य आय | | 0 | १३४३०६५६ | | १३४३०६५६ | | | |
| ख. अन्य प्राप्ति | | ९११७५८४३ | ९२०६२६३३ | | ९२०६२६३३ | | | |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,६८,५२,००० | १,७९,९४,७३९ | ० | १,७९,९४,७३९ | ० | ० | ० |
| धरौटी | | ० | ११,४२,३५० | ० | ११,४२,३५० | ० | ० | ० |
| संघीय,प्रदेश सरकार | | ७,४३,२३,८४३ | ७,२९,२५,५४४ | ० | ७,२९,२५,५४४ | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वा अन्य कार्यक्रम | | | | | | | | |
| भुक्तानी (ग+घ) | | ४६०७८२२६३ | ३३३६१८४१९.७८ | | ३३३६१८४१९.७८ | | | |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ३६,९६,०६,४२० | २४,६७,७४,०२१.२९ | | २४,६७,७४,०२१.२९ | | | |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ८,५१,८२,००० | ७,५८,६२,२५१.४७ | ० | ७,५८,६२,२५१.४७ | ० | ० | ० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ५,१७,९३,००० | ३,४०,९१,५८७.१४ | ० | ३,४०,९१,५८७.१४ | ० | ० | ० |
| २५००० सहायता (Subsidy) | १८ | २,६०,००० | २,५९,०८८.८५ | ० | २,५९,०८८.८५ | ० | ० | ० |
| २६००० अनुदान | १८ | १,११,२७,००० | ४५,२८,५५६ | ० | ४५,२८,५५६ | ० | ० | ० |
| २७००० सामाजिकसुरक्षा | १८ | ६,४७,८१,००० | १,३२,१७,०७४ | ० | १,३२,१७,०७४ | ० | ० | ० |
| २८००० अन्य खर्च | १८ | ९५,००,००० | ७३,४१,६५८ | ० | ७३,४१,६५८ | ० | ० | ० |
| ३१००० गैर वितीय सम्पती / पूँजीगत खर्च | १८ | १४,६९,६३,४२० | ११,१४,७३,८०५.८३ | ० | ११,१४,७३,८०५.८३ | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | ९,११,७५,८४३ | ८,६८,४४,३९८.४९ | | ८,६८,४४,३९८.४९ | | | |
| कोषहरु | | १,६८,५२,००० | १,२९,५५,६५३.२९ | ० | १,२९,५५,६५३.२९ | ० | ० | ० |
| धरौटी | | ० | ११,५३,५६१.४० | ० | ११,५३,५६१.४० | ० | ० | ० |
| संघीय,प्रदेश सरकार वा अन्य कार्यक्रम | | ७,४३,२३,८४३ | ७,२९,२५,५४४ | ० | ७,२९,२५,५४४ | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (१,९०,३६०.२०) | | (१,९०,३६०.२०) | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (२,००,७३,२४०.७०) | (३४०३८३७१.५०) | | (३४०३८३७१.५०) | | | |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४,३९,५७,६०४.४७ | | ४,३९,५७,६०४.४७ | | | |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२,००,७३,२४०.७०) | ९९१९२३२.९७ | | ९९१९२३२.९७ | | | |
| बैंक तथा नगद बाकी | २४ | | ९९१९२३२.९७ | | ९९१९२३२.९७ | | | ० |
| | | | | | | | | |

| कार्यालयकोनामः बिष्णुपुर गाउँपालिका, सिरहा | आ.व. २०७६।७७ | |
|---|---|---|
| दफा | लेखापरीक्षणबाट दखिएको व्यहोरा | बेरुजू रकम रु. |
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा आर्थिक वर्षको आय र व्ययको हिसाव राख्नुपर्दछ । आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस बिषयमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले बैंक समायोजन हिसाब विवरण राखेको नदिखएकाले पालिकाको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात (सुत्रको अनुसुचिमा) भिडान गरेको नदेखिएकोले एकिन गर्न सकिएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक स्वीकृत ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था छ। गरेकोमा NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईयो । तुलनात्मक सूचना अध्ययन गर्न सकिएन।<br>• कोषको सञ्चालन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको पाईयो।सुत्रमा प्रयाप्त र यर्थाथ सूचना समयमा प्राप्त नहुदा आय हिसाबमा एकिन हुने अवस्था रहेन । | |
| २. | लेखा परिक्षणको क्रममा सामाजिक सुरक्षाभत्ता निकासा रु. १६२४००.० असूल गरी मिति २०७८/१/२७ संघिय संचितकोषमा दाखिला भएको छ। | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। सो बिषयमा देखिएको व्यहोराहरु देहाय वमोजिम रहेका छन ।<br>आर्थिककारोवारकोअनुसुची२११वमोजिम ढाँचामा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी संचित कोषमा ट्रन्सफर गर्नुपर्नेमा गरको पाइएन ।<br>• सेवा प्रवाह समेतको वार्षिक भौतिक प्रगति तयार गरेको पाईएन।<br>• राजस्व सूचना प्रबिधिको प्रयोग भरपर्दो र विश्वसनीय अभिलेख देखिएन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा कार्यक्षेत्रभित्रका विषयमा विकासको आवधिक, वार्षिक, रणनीतिगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी संचालनमा ल्याएको पाइएन ।<br>• आयोजनाको बिश्लेषण गरी योजना बैंक खडा गरेको देखिएन । सात चरणको योजना छनौट र संचालन हुनेगरेको पाइएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गरेको देखिएन ।<br>• वडाको जिन्सी अभिलेख देखिने गरी मूलजिन्सीखाता अध्यावधिक गरेको पाईएन । जिन्सी निरीक्षण प्रतिवेदन अनुसार मर्मत तथा लिलाम गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क अनुसार कर भुक्तानीको अनलाइन जानकारी दिएको पाइएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम खरिदको गुरुयोजना र बार्षिक खरिद योजना तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन सामाग्रीको मूल्य, ज्याला, भाडा, तथा अन्य महशुलको न्युनतम दररेट तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी अभिलेख राखेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्तालाई योजना हस्तान्तरण | |

| दफा | लेखापरीक्षणबाट दखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

गरेको पाईएन ।

- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका योजना संचालन गर्ने उपभोक्ता समिति दर्ता गरेको पाइएन।
- पालिकाले संचालन गरेको योजनाको सार्वजनिक सुनुवाई, परीक्षण र सार्वजनिक सामिजक परीक्षण गरेको पाईएन।
- वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन विकास वातावरण योजना तयार गरेको पाइएन ।फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।
- भ्रमण अभिलेख राखेर भ्रमणको प्रयोजन र नतिजा सहितको प्रतिवेदन भएको पाइएन।
- सवारी साधन मर्मत अभिलेख खाता बिना मर्मत गरेको पाइयो।
- बिनालगबुक सवारी इन्धन खर्च गरेको ।
- पालिकामा समाहित भएका नगदी, जिन्सी सम्पती दायित्व र सम्पती साथै पेश्की र बेरुजुको अभिलेख राखेको पाइएन ।
- पालिका अन्तर्गत पारिश्रमिक सुविधा लिने निर्वाचित र प्रशासन,प्राविधिक,सहायक कर्मचारीहरुको सङ्घीय निजामित ऐन २०४९ वमोजिम कर्मचारीको विस्तत विवरण सहितको व्यक्तिगत अभिलेख राखेको पाइएन। कर्मचारीको योग्यता क्षमता र दक्षता उपयोगको जिम्मेवार एकीन हुन सकिएन ।

**योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

४. बजेट, पारित र अख्तियारी-स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा राजश्व र व्ययको अनुमान स्वीकृत गराई असार १० गते भित्र पेश गरी असारमसान्तभित्र सभाबाट पारित गरी प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुखले बजेट खर्चगर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। रु. ३२ करोड ५१ लाख ८५ हजारको बजेट सभासमक्षबाट पारित भएको छ। २०७६।०३।३० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्चगर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। अख्तियारी दिने परम्परालाई निरन्तरता दिनुपर्दछ।

५. **चौमासिक खर्च** -आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यसम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। चौमासिक पुजिगत खर्चको स्थिति देहायबमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा गुणस्तरमा असर पर्ने देखिएकोले कानून अनुकुल आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| सि. नं. | शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | असारको खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | | |
| १ | पूँजीगत खर्च | १०७८८३ | ६८१४ | ७७५१ | ७९९८४ | ६१७५५ | ८७.६४ |
| २ | संघीय पुँजीगत | ३८८७० | ० | ० | १६५१४ | १२७४२ | ८७.६४ |

६. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यो बर्षको क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ३००००० | १३८६४९ | ४६.२२ |
| सामाजिक क्षेत्र | ९५५०००० | ५७९२५३१ | ६०.६५ |
| पूर्वाधार विकास क्षेत्र | ८६२६८४२० | ७७३०७६५६ | ८९.६१ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ११७६५००० | ११३११०९६ | ९६.१४ |

| दफा | लेखापरीक्षणबाट दखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | |
|---|---|---|---|
| **जम्मा** | १०७८८३४२० | ९४५४९९३२ | ८७.६४ |

७. **बैक हिसाब मिलान नगरेको**– स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा स्वीकृत लेखा ढाँचामा राख्नुपर्ने उल्लेख छ । मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा हिसाब मिलान विवरण मासिक रुपमा तयार गरेको पाइएन। बार्षिक रुपमा सुत्रको २७२ (अनुसुचि-२४) मात्र पेश गरेको छ । अनुसचि-२४ अनुसार स्रेस्ता अनुसारको मौज्दात आय २८६१५५०९२।२८ आय गरी रु ३३३६१८४१९।७८ खर्च गरेको विवरण पेश गरी ऋणात्मक मौज्दात देखाएकोमा छानविन गर्नुपर्दछ। श्रेस्ता अनुसार देहाय अनुसार बैंक मौज्दात देखिएकोमा बैंक समायोजन हिसाव तयार गरी मौज्दात यकिन गर्नुपर्दछ।

अनुसूची२४ बैंक तथा नगद बाकी

| बैंकको नाम | खातानं | खाताकोप्रकार | खाताअनुसार बाकी रु | बैंकअनुसार |
|---|---|---|---|---|
| मेगा बैंक नेपाल लि. | 9500100015921 | ग२.१, चालू खर्च खाता-विजोर वर्ष | ४,१७,२४,४९६.२९ | |
| मेगा बैंक नेपाल लि. | २१३००००००-१ | ग२.१, चालू खर्च खाता-विजोर वर्ष | (२३,०५,७९०.९४) | |
| मेगा बैंक नेपाल लि. | 9500100015912 | ग२.३, पूँजिगत खर्च खाता-विजोर वर्ष | १,०७,२१,४७७.१२ | |
| मेगा बैंक नेपाल लि. | २१३००००००-२ | ग२.३, पूँजिगत खर्च खाता-विजोर वर्ष | (७६,५४,१११) | |
| एन आई सि एशिया बैंक लि. | ०९५००१००१५९८७-१ | ग३.१, स्धानीय तह धरौटी खाता | ८३,७६२.२० | |
| एन आई सि एशिया बैंक लि. | ६६ca४९९२५७५२४००५ | ग३.१, स्धानीय तह धरौटी खाता | ३६,९४९.२० | |
| मेगा बैंक नेपाल लि. | 950010015896 | ग४.१, स्थानीय तह सञ्चित कोष खाता | २,४१,३७,३३१ | |
| मेगा बैंक नेपाल लि. | ०९५००१००१५९६५-१ | ग७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ५०,४२,४९२.७१ | |
| बैंक कारोबारमा भिन्नता | | | (७७१७५५९५.६१) | |
| | | जम्मा | ९९१९२३२.९७ | |

८. **फ्रिज रकमः-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम ४५ (१) मा संघीय सञ्चित कोषबाट प्रदेश तथा स्थानीय तहमा दिएको वित्तीय हस्तान्तरणको रकममध्ये आर्थिकबर्ष भित्र खर्चनभई बाँकी सशर्त, समपूरक र विशेष अनुदान सोही आर्थिक बर्ष भित्र प्रदेश तथा स्थानीय तहले संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । आर्थिक बर्षभित्र फिर्ता गर्न नसकेमा आर्थिक बर्ष समाप्त भएको एक महिनाभित्र फिर्ता गरिसक्नु पर्ने व्यवस्था छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्त सम्ममा रु.१,७९,२७,४२६।०० खर्च नभई बाँकी रहेकोमा पालिकाले २०७७ असोज२७ गते प्रदेश तर्फको रु.३६,२५,६७७।०० र संघ तर्फ रु.९९,९९,३०६।०० फिर्ता गरेको प्रमाण पेश गरेकोमा रु.४३,०२,४४३।००बांकि देखिएकोले फिर्ता गर्नुपर्ने रु. ४३०२४४३

अनुसूची-१२, २१

| अनुदानको बिवरण | कुलप्राप्ति | कुलखर्च रकम | बाँकिरकम |
|---|---|---|---|
| शसर्त अनुदान चालु (संघ) | ६,७४,६२,३३१ | ७,२८,४४,९१०.४९ | ० |
| अन्य अनुदान चालु (संघ) | १,४५,२०,००० | ९९,४८,२५१ | ४५,७१,७४९ |
| शसर्त अनुदान चालु (प्रदेश) | ० | ४,९३,३७६ | ० |
| विषेश अनुदान चालु (प्रदेश) | ४०,००,००० | ० | ४०,००,००० |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट दखिएको व्यहोरा</th><th>बेरुजू रकम रु.</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>समपुरक अनुदान चालु (प्रदेश)</td><td>१,०७,३०,०००</td><td>१३,७४,३२३</td><td>९३,५५,६७७</td></tr>
<tr><td>जम्मा</td><td>९,६७,१२,३३१</td><td>८,४६,६०,८६०.४९</td><td>१,२०,५१,४७०.५१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८.१.</td><td>बढी सोधभर्नाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा बजेट र कार्यक्रम अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले संघीय सशर्त अनुदान शिर्षकमा निकासा भन्दा रु.५३,८२,५७९।०० बढी र प्रदेश सशर्त अनुदान शिर्षकमा निकास नभएको अवस्थामा समेत रु.४,९३,३७६।०० खर्च गरेको सुत्रको प्रतिवेदनबाट देखिन्छ । सशर्त अनुदानबाट संचालन हुने कार्यक्रममा वित्तीय समानीकरणबाट खर्च गरेकोले संघ र प्रदेश सरकारबाट सोधभर्ना लिनुपर्ने देखिएको रु.</td><td>५८७५०५५</td></tr>
<tr><td>९.</td><td>कर्मचारी करार– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि दरबन्दी सृजना गर्न सकिने व्यवस्था छ। स्थायी प्रकृतीको पदमा बाहेक अन्यमा स्थायी प्रकृतिको काममा करारमा कर्मचारी नियुक्ति गर्न मिल्ने व्यवस्था देखिएन।<br>क्षेत्रगत कर्मचारीहरु करारमा नियुक्ती गरी बार्षिक तलब रु.५६,४०,०००।०० खर्च लेखेको पाईयो। यो बर्ष नियुक्ति भएको कर्मचारीहरुको प्रतिस्पर्धा र योग्यताको अभिलेख र कर्मचारीको संख्या पेश नभएकोले एकिन हुन सकिएन।</td><td></td></tr>
<tr><td>१०.</td><td>न्यायीक समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था छ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ। गत बर्षको बांकि तथा यस बर्ष दर्ता भएको उजुरी संख्या मध्य फछ्र्यौट भई बांकि रहेको संख्या प्रगति प्रतिवेदन माग गरिएकोमा लेखापरिक्षणको क्रममा पेश भएन । न्याय सम्पादन प्रक्रियालाई कानून अनुकुल हुनेगरी किनारागरी टुङ्गो लगाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>११.</td><td>आन्तरिक लेखापरीक्षण- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा पालिकाले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट सिग्यासको र सुत्रको आन्तरिक जनशक्तिबाट आन्तरिक लेखापरीक्षण गराएको पाइयो। यो वर्ष आन्तरिक लेखा परिक्षणबाट देखिएको व्यहोरा देहाय वमोजिम छ।</td><td></td></tr>
<tr><td>१२.</td><td>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ र नियम १९ वमोजिम मूल्यअभिवृद्धिकर दर्ता भएको सँग प्रतिस्पर्धा गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायको भौचरबाट मुअकरदर्ता वेगर र विना प्रतिस्पर्धा खरिद गरेकोले नियमित नदेखिएको रु.
<table>
<tr><th>भौ.नं./मिति</th><th>विषय</th><th>रकम</th></tr>
<tr><td>३०/२०७६/६/१९</td><td>प्यान विलबाट खरिद</td><td>१३९४००</td></tr>
<tr><td></td><td>विना कोटेशन</td><td>४६३९७९</td></tr>
<tr><td></td><td>प्यान वीलवाट खरिद</td><td>२१३५२३</td></tr>
<tr><td>६/२०७६/६/२४</td><td>विना टेन्डर प्रकृया</td><td>५७९८५५</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१३९६७५७</td></tr>
</table>
</td><td>१३९६७९७</td></tr>
<tr><td>१३.</td><td>अतिरिक्त समय :-<br>अर्थ मन्त्रालयको मिति २०५७ को तलव वृद्धी परीपत्र अनुसार तोकिए बाहेक सवै प्रकारको भत्ता खारेज गरेको छ। प्राविधिक र अप्राविधिक कर्मचारीलाई कन्टिजेन्सीवाट अतिरिक्त समयमा बसेको अभिलेखको आधारमा रु. ७१८७०० भुक्तानी गरेको पाइयो। अर्थमन्त्रालयले तोकिए वाहेक सवै प्रकारको भत्ता खारेज गरेको अवस्थामा यस प्रकारको भत्ता दिनु कानुन अनुकुल नदेखिएको रु.</td><td>७१८७००</td></tr>
<tr><td>१४.</td><td>विनाप्यानवील :-</td><td></td></tr>
</table>

कार्यालयकोनामः बिष्णुपुर गाउँपालिका, सिरहा   आ.व. २०७६।७७

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा २० हजारसम्मको खरिद प्यानवीलको आधारमा खरिद गर्नुपर्छ।पालिकाले विनाप्यानवील देहायको भौचरवाट खरिद गरेको नियमित नदेखिएको रु. | ४९६५३ |

| शिर्षक | भौचर नं. | मिति | रकम |
|---|---|---|---|
| | ९६ | २०७६/८/१२ | ३४०९० |
| | ९० | २०७६/८/१३ | १५५६३ |
| | | | ४९६५३ |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| १५. | सामान्य प्रशासन मन्त्रालयको च.नं.२१७ मिति २०७४/१/२५ को पत्रवमोजिम करार र ज्यालादारी कर्मचारीलाई सुरु तलव स्केल दिनुपर्ने व्यवस्था छ पालिकाले करार र ज्यालादारीको कर्मचारीलाई महङ्गी भत्ता र २५ प्रतिशत प्रोत्साहन लगायतको सुविधा दिन मिल्ने देखिएन। पालिकाले करार र ज्यालादारीको कर्मचारीलाई महङ्गी भत्ता र प्रोत्साहन भत्ता दिएको एकिन गरी असूल गर्नुपर्ने रु. | ९८१८९० |
| १६. | आयकर ऐन २०५८ को दफा ८८ वमोजिम १५ प्रतिशत कोचिङ्ग कक्षावापत कर कट्टा भुक्तानी गर्नुपर्ने व्यावस्था छ। संयोजक धिरेन्द्र कुमार महतोलाई ७४९७५ प्रशिक्षण भत्ता भुक्तानी गर्दा १५ प्रतिशत कर कट्टा नगरेकोले असूल गर्नुपर्ने रु. | १०५९८ |
| १७. | **जिन्सी उपयोग-**<br>आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ४५ (ठ)उपलब्ध स्रोत,साधन र सम्पतीको समुचित उपयोग र संरक्षणको उचित व्यवस्था गर्नुपर्छ। पालिकाले अभिलेख रहेको पाइएन। स्वामित्वमा रहेको जग्गा भवन सवारीसाधन, सम्पतिको विवरण एकिकृत र अध्यावधिक गर्ने सम्पति व्यवस्थापन सूचना प्रणाली (PAMS) र समाहित भएको निकायको सम्पति हस्तान्तरण गरी उपयोग गर्ने व्यवस्था मिलाउनु पर्छ । नदिजन्य र खानिजन्य प्राकृतिक स्रोतको उत्खन्न,संकलन तथा निकासी नियमन गरी स्रोत साधनको अनियन्त्रित दोहन नियन्त्रण गर्नुपर्छ ।<br>वनक्षेत्रको जग्गा लिज,उपयोग र भोगाधिकार दिने, निजी र सार्वजनिकको खानी उत्खन्न प्राकृतिक स्रोतको उपयोगलाई स्पष्टमानक र मापदण्ड तयार गरी समुचित उपयोग र नतिजा प्राप्त हुने तरिकाले अनुगमन गर्नुपर्छ ।सरकारी प्रयोगविहिन जग्गाको अभिलेख,संरक्षण र समुचित प्रयोग गरी आयमूलक कार्यमा लगाउनु पर्छ । अतिक्रमणमा परेका सरकारी र गुठी जग्गावाट अतिक्रमण हटाइ संरक्षण गर्नुपर्छ । पूरातात्विक महत्वको सम्पदा तथा संग्राहालयमा रहेका वहुमूल्य वस्तुको अभिलेख मर्मतसंहार र संरक्षण गर्नु पर्दछ ।मठ मन्दिर देवालय गुम्वा तीर्थस्थल दर्शनार्थीबाट चढाइने भेटी अभिलेख र संरक्षणको व्यवस्था गर्नुपर्छ ।गुठीमा रहेको चल अचल सम्पतिको संरक्षणको उचित प्रवन्ध गरी उत्पादनशील कार्यको उपयोगमा ल्याउने जिम्मेवारी रहेतापनी प्राथमिकता नपर्दा स्रोतमा सुरक्षा चुनौती र जग्गा सुरक्षा प्राकृतिक स्रोतको अनियमित दोहन र साँस्कृतिक बहुमूल्य वस्तुको सुरक्षा चुनौतीले असर परेको पाइयो । | |
| १८. | **नियन्त्रण मुखी खर्चः**<br>स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७८ मा पालिकाबाट सम्पादन गर्ने कार्यको लागि स्वीकृत बजेट जिम्मेवारीको काममा उपयोग गर्नुपर्ने व्यवस्था छ । देहायको खर्च शीर्षकमा विनियोजन गरेको खर्चको मितव्ययिता कार्यायोजन र सेवा वितरण निर्माण जस्ता सरकारी काममा उपयोग भएको आस्वस्त पार्ने कामको प्रकृति जोखिमको पहिचान,नियन्त्रणको वातावरण सूचना र अनुगमनको अभिलेख प्रणाली प्रयास नभएकाले एकीन रहेन । आन्तरिक प्रणाली मजवुत बनाई खर्च नियन्त्रण गर्नुपर्दछ । | |

| सिनं | खर्चको शीर्षक | बजेट | खर्च |
|---|---|---|---|
| १ | सवारी साधन मर्मत | १०२५००० | ९३५१२७ |
| २ | सवारी भाडा | १२००००० | ८५५३४० |

| दफा | लेखापरीक्षणबाट दखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ३ | मसलन्द तथा कार्यालय सामाग्री | ४७५०००० | ४४४७६४९ |
| ४ | पत्रपत्रिका र सूचना प्रकाशन | २५७५००० | २३४७६१२ |
| ५ | भ्रमण खर्च | ४५६००० | ९५४८१० |
| ६ | अनुगमन मुल्यांकन खर्च | ३००००० | १८८८५० |
| ७ | विविध खर्च | १४००००० | १०८९१०८ |
| ८ | सँस्कृतिक सहायता | | |
| ९ | पानी विजूली | २७५००० | २३६६५६ |
| १० | संचार महशुल | ८५०००० | २८९८३५ |
| ११ | ईन्धन पदाधिकारी | १६७५००० | ६७४८८० |
| १२ | ईन्धन कार्यालय | १४७५००० | १४२२८९५ |
| १३ | मेशिनरी औजार मर्मत सम्भार तथा संचालन खर्च | १६१९९४७ | १९००००० |
| १४ | सभा संचालन खर्च | १०००००० | ९९६५१५ |
| १५ | घरभाडा | १०८०००० | ९८४१०० |
| १६ | अन्य भत्ता | २०००००० | १८०२५४८ |
| | **जम्मा** | | |

माथी उल्लेखित शीर्षकमा बजेट सूचना प्रणाली र बजेट पुष्टयाइवीना अनुमान गरेको अवस्था छ । पदाधिकारीले कानून वमोजिमको इन्धन सुविधा दिनुपर्नेमा अधिक खर्च देखिन्छ । सरकारी काममा प्रयोग भएको एकीन हुन सकिने अभिलेख नहुँदा रायदिन सकिएन ।

१९. **पदाधिकारी सुविधा**- प्रदेश नं .२ प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन२०७५ बमोजिम पदाधिकारीलाई सुविधा दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्षका सुरु तीन महिनासम्मको रु.१०,९८,०००।०० पदाधिकारीको सुविधा भुक्तानी गरेको छ। सर्वोच्च अदातलको आदेशले २०७६ को ३ महिना पछि सुविधाहरु खारेज गरेको छ। तत् पश्चात मासिक सुविधा तलब भुक्तानि भएको दखिएन ।

२०. **स्वकिय सचिव र कानूनी सल्लाहकारः** स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ मा स्थानीयतहका प्रमुख / उपप्रमुख वा अध्यक्ष / उपाध्यक्षले स्थानीय तहको संचितकोषबाट भुक्तानी हुनेगरी निजी सल्लाहकार, स्वकिय सचिव लगायत अन्य पदमा नियुक्ती गर्न मिल्ने व्यवस्था भएको पाइएन। पालिकाले अध्यक्षको स्वकीय सचिव दिपक कुमार यादव र निरज कुमार यादव लाई मासिक रु.१५,०००।०० का दरले बार्षिक रु.३,९०,०००।०० भुक्तानी गरी खर्च लेखेकोमा नियमको पालना भएको देखिएन। यस्तो खर्च गर्नेलाई जिम्म्वार बनाउनु पर्दछ।

२१. **बैठक भत्ताः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ४ मा न्यायिक समिति वैठकमा भागलिए वापत अनुसुचि १ मा उल्लेख भएको दरले भत्ता लिनु पर्ने, सो अनुसुचिमा उल्लेख भएका समिति वाहेक अन्य वैठकहरुमा भत्ता लिन पाउने स्पष्ट व्यवस्था रहेको देखिएन। पालिकाका पदाधिकारीहरुलाइ कार्यपालिका वैठकमा भाग लिए वापत विभिन्न मितिको ११ पटकको रु.२,९७,०००।००, संशोधित गाउँसभा (२०७६।७७) मा रु. ८४,०००।०० र गाउँसभा (२०७७।७८) मा रु.३,९६,००।००बैठक भत्ता शिर्षकमा खर्च भएको उचित देखिएन।

२२. **दहोरो भुक्तानीः**सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६३ अनुसार सार्बजनिक कोषबाट खर्च गर्दा अधिकतम मितव्ययी माध्यमको प्रयोग गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको जिल्ला बाहिरको भ्रमण प्रयोजन र कार्यालय आउजाउ प्रयोजनकोलागि पालिकाले नियमित रुपमा चारपाङ्ग्रे सवारी भाडामा लिएको र सोको रु.८,५५,३४०।०० खर्च भएको छ। जिल्ला बाहिरको दैनिक भ्रमण खर्चमा गाडि भाडा समेतको भ्रमण विलमा पेश गरी सोधभर्ना लिएको देखिएको हुँदा दोहोरो भुक्तानी भएको असूल गर्नुपर्ने रु. १९७००

कार्यालयकोनामः बिष्णुपुर गाउँपालिका, सिरहा आ.व. २०७६।७७

| दफा | लेखापरीक्षणबाट दखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|

| भौ.नं. | अवधी | स्थान | भुक्तानी रकम | भ्रमण साधन खर्च |
|---|---|---|---|---|
| ३२-२०७६।०६।१६ (पदाधिकारीः- गापा अध्यक्ष) | २०७६।०४।२०-२७ | काठमाण्डौ | १५४०० | २२०० |
| | २०७६।०५।०६-१३ | काठमाण्डौ | १५४०० | २२०० |
| | २०७६।०५।१९-२६ | काठमाण्डौ | १५४०० | २२०० |
| | २०७६।०६।०३-१० | काठमाण्डौ | १५४०० | २२०० |
| | २०७६।०६।२०-२६ | काठमाण्डौ | १५४०० | २२०० |
| ३-२०७६।०७।०५ (पदाधिकारीः- उपाध्यक्ष) | २०७६।०६।१२-१८ | काठमाण्डौ | १२५०० | २५०० |
| | २०७६।०५।०९-१५ | जनकपुर | १०५०० | ५०० |
| | २०७६।०४।२१-२७ | काठमाण्डौ | १२५०० | २५०० |
| ४-२०७६।०७।२५ (उपाध्यक्ष) | २०७६।०६।२३-२९ | काठमाण्डौ | १३२०० | ३२०० |
| | | | १२५७०० | १९७०० |

| | | |
|---|---|---|
| २३. | **तलबि प्रतिवेदनः-** निजामती सेवा ऐन, २०४९ को दफा ७(ख२) वमोजिम कर्मचारीको शुरु तलब स्केल, ग्रेड संख्या र ग्रेड वृद्धी हुने महिना समेत उल्लेख गरी तलवि प्रतिवेदन पारित गराएर तलव भुक्तानी गर्नुपर्नेमा पालिकाले तलवी प्रतिवेदन पारित नगरी रु.१,६१,११,१८५।०० बार्षिक खर्च लेखेको पाईयो । तलबि प्रतिवेदन पारित नगरी गरेको खर्चबाट ग्रेड एकिन गर्ने आधार देखिएन । | |
| २४. | **कर्मचारी प्रोत्साहनभत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था छ। स्थानीय तहले कानून नबनाई यो बर्ष अतिरिक्त समय कार्य गरेको भनि शुरु तलब स्केलको २५ प्रतिशतका दरले फ्लाट बेसमा पालिकाको बिभिन्न ३० जना कर्मचारीलाई (प्रोत्साहनभत्ता) खर्चगरेको कारण रु. ९,८१,८९८।०० आर्थिक व्ययभार बढ्नगएको देखियो । कानून अनुकुल सुविधा मात्र प्राप्त गर्नुपर्दछ। | |
| २५. | **राहत वितरण खर्चः**अध्याधिक बर्षातको कारण आएको बाढी पिडित जनताहरुलाई खाद्यान्न र लत्ता कपडा राहत स्वरुप वितरण गर्दा पालिकाको रु.९,८६,८३५।०० खर्चमा देखिएको व्यहोरा निम्न छनः | |
| २५.१. | ६-२०७६।०६।१४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम दफा ३९ को उपनियम (५) खर्च पुष्टी गर्ने प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । बिलभरपाई र कागजात संलग्न गरी न जाँच गर्नुपर्ने व्यवस्था छ । पिडितहरुलाई तत्काल राहत स्वरुप प्रतिपरिवार चामल-५ केजी, दाल-१ केजी, खानतेल-१ लिटर, नुन-१ केजी, र साडि-१ थानको प्याकेजको दरले ११६ पिडितलाई रु.५,८८,५१०।०० खर्च भएको छ। उक्त सामाग्रीहरु मध्ये अनिष बस्त्रालय (३०३११५०९६) बाट रु.३,०८,८०५।०० को सामाग्री खरिद गरी बांकि बिभिन्न आपूर्तकबाट खरिद गरेको बिल भरपाई संलग्न रहेपछी तोकादेशको आधारमा अनिष बस्त्रालयलाई सिधै भुक्तानी गरेकोले पाएको प्रमाण पेश हुनुपर्ने रु. | २७९७०५ |
| २५.२. | **आपूर्तकको योग्यताः** सार्बजनिक निकायले खरिद कार्य गर्दा सार्बजनिक खरिद ऐन, २०६३ वस्तु तथा आपूर्तिको अनुमति प्राप्त आपूर्तिकर्तासँग खरिद कार्य गर्नुपर्दछ । बाढिपिडित परिवारहरुलाई खाद्यान्न वितरणको लागि चामल ३०० केजी र मुसुरी दाल २५०० केजी आपूर्ति गरेको भनि सुनगाभा ईन्जिनीयरीङ एण्ड बिल्डर्स (६०४२७८७३१) लाई रु.३,९८,३२५।०० भुक्तानी दिएकोमा आपूर्तिकर्ताको दर्ता अनुमतिपत्र परिक्षण गर्दा दर्ताको उद्देश्य र कार्यक्षेत्रमा खाद्यान्न आपूर्ति तथा वितरणको अनुमति खुलेको पाइएन। | |
| २६. | **पालोपहरा :** | |

| दफा | लेखापरीक्षणबाट दखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | ७१-२०७६।०७।१५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम दफा ३९ को उपनियम (५) मा सरकारी रकम खर्च गर्दा खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । दशै, र तिहारमा पालो पहरा एकमुष्टमा कार्यलय सहयोगी लाल बहादुर श्रेष्ठलाई रु.१,३२,३२०।०० भुक्तानी भएकोमा प्रतिदिनको आधारमा प्रचलित ज्याला दररेट अनुसार डोर हाजिरी मार्फत खर्च भुक्तानी गर्नुपर्नेमा दैनिक भ्रमण बिलको बमोजिम भुक्तानी भएको छ । यस सम्बन्धमा थप व्यहोरा निम्न छनः | |
| २६.१. | पालोपहरा र काजभ्रमण बापत पालिकाको कार्यलय सहयोगी, पाले र चौकिदार गरी बिभिन्न ९ जनालाई दैनिक प्रति दिन रु.१,२००।०० को दरले भ्रमण विल भुक्तानी दिएकोमा जम्मा रु.१,०५,८००।०० खर्च भएको हुँदा बढि रु.२७,४००।०० असूल गरी दाखिला गर्नुपर्ने रु. | २७४०० |
| २६.२. | पालो पहरा पालिकामा आवश्यक हुनेमा पालोपहराको काम गरेको स्थान नखुलाई मिति २०७६।०६।१७ देखी २२ सम्म दशै बिदाको अवधीमा ७ जनालाई रु.५०,४००।०० र मिति २०७६।०७।०९ देखी १४ सम्म तिहारको बिदामा ५ जनालाई रु.३६,०००।०० भत्ता भुक्तानी दिइएको छ । यसबाट पालो पहारामा खटिएको कर्मचारी र खर्चको एथार्थ छ भन्ने अवस्था पाइएन । | |
| २६.३. | दशै बिदाको अवधि (२०७६।०६।१७-२३) मा कार्यालय सहयोगी लालबहादुर श्रेष्ठ जनकपुर काज गएको भनि रु.७,९००।०० र कार्यालय सहयोगी जगदिश पासवान राजबिराज गएको जनाई रु.७,९००।०० को भ्रमण बिल पेश गरी भुक्तानी लिएको दशै बिदामा सम्पुर्ण सरकारी कार्यालयहरु बन्द हुने हुँदा काज भ्रमणको उद्देश्य र औचित्यता पुष्टी नगरि भुक्तानी लिएको असूल गर्नुपर्ने रु. | १५८०० |
| २७. | **सुचना प्रविधिको प्रयोगः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व, नियमावलीको नियम १२९ (१) मा कुनै कार्यलयले सम्पादन गर्नुपर्ने बजेट तथा लेखा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न सुचना प्रविधिमा आधारित प्रणालीको विकास गर्नुपर्ने भएमा महालेखा नियन्त्रक कार्यलय र अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने व्यवस्था गरेको छ ।पालिकाले उल्लेखित कानूनी व्यवस्था अनुरुप स्वीकृति नलिई निम्न सफ्टवेयरहरु खरिद गरेको रु.२५४१३१३/- खर्च गरेको छ । अनुमति प्राप्त नभएको कम्पनीहरुको सफ्टवेयरहरु प्रयोग गर्दा महत्वपुर्ण अभिलेख तथा सुचनाहरु दुरुपयोग हुने सम्भावना रहन्छ । पालिकाले नियमको पालना गर्दै बिश्वसनिय सफ्टवेयरहरु खरिद गर्नुपर्दछ । | |

| भौ.नं. | मिति | कार्यक्रम | विवरण | डेबिट |
|---|---|---|---|---|
| २ | २०७६/०६/१६ | मालपोत तथा भुमिकर सम्बन्धी | sangrila informatics pvt.ltd. - | ४,४९,६२७ |
| ३ | २०७६/०६/१६ | अाय लेखासंम्वन्धि | protocal international consultations pvt.ltd - | ४,४९,६२७ |
| ४ | २०७६/०६/१६ | जिन्सीव्यवस्थापन संम्वन्धि | eco plus pvt.ltd. | १,९९,८९७ |
| ३२५ | २०७७/०३/२४ | योजनव्यवस्थान प्रणालि खरिद | फलबारीईन्जीनियरीङ् प्रा.लि. | ४,९७,५०० |
| १८ | २०७६/०७/१५ | वडाको लागि सफ्टवयेरखरिद कार्य | ए. आर कन्स्ट्रकशन | ४,९९,३३५ |
| ९३ | २०७७/०३/२८ | सफ्टवयेरखरिद कार्य | दैलोटेक्नोलोजिज प्रा.लि | २,७५,००० |
| ३४४ | २०७७/०३/२९ | सेवा तथापरामर्श खर्च | कौशिकापरामर्श सेवा प्रा.लि. | १,७०,६३० |
| | | | जम्मा | २५४१६१६ |

| | | |
|---|---|---|
| २८. | **ब्लाङ्केट बितरणः** .नं. २५७ मिति २०७७।०२।१५ बाट सार्बजनिक कोषबाट खर्च गर्दा अधिकतम उपलब्धी हासिल हुनेगरी खर्च गर्नुपर्दछ । पालिकाले शितलहरको समयमा १५० थान ब्लाङ्केट र ५० दोसल्ला बितरणको लागि खरिद गरेको भनि भौ आपूर्तक नबिन ईन्टरप्राईजेज | |

| दफा | लेखापरीक्षणबाट दखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | (३०२०९३९२४) लाई रु.४,७४,६०० भुक्तानी भएको छ । खरिद सम्झौता मिति २०७६।१०।१८ मा गरेकोमा शितलहरको प्रभाव नहुने जेठमा भएको देखिन्छ । शितलहर चिसो मौसम मंसिर, पुषमा सक्रिय हुने र सोही समयमा ब्लाङ्केट वितरण गर्दा प्रभावकारी हुनेमा सो समयमा वितरण भएको पाइएन। वितरणको सार्वजनिकरणको स्थान र मिति नहुँदा आवश्यकता र औचित्यता पुष्टी हुने गरी कार्यक्रम गर्नुपर्दछ । | |
| २९. | **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ कोनियम ९५(१) मा कार्यलय प्रमुखले आफ्नो कार्यलयमा रहेको र खरिद अन्य प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नु, व्यवस्था छ।पालिकाले मसलन्द तथा कार्यलय सामाग्री शिर्षक र वडा कार्यलय सञ्चालन शिर्षकबाट देहायबमोजिमका मेशिनरी औजार, फर्निचर तथा पार्टपुर्जाहरु खरिद गरेको देखिएकोमा जिन्सी दाखिला प्रतिवेदन संलग्न गरेको छैन । जिन्सी आम्दानी नजनाई प्रयोजन पुष्टी हुने गरी खर्च गर्नुपर्दछ। खरिद गरेको सामानहरुको जिन्सी किताबमा आम्दानी जनाई दाखिला प्रतिवेदन पेश गर्नुपर्ने रु. | १४१४३३९ |

| भौ.नं. | खरिद आईटम | सोधभर्ना लिने | भुक्तानी रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| ३०-२०७६।०६।१६ | कम्प्युटर टेवल, बोस चेयर, थ्रिसिटे चेयर, डिजिटल घडि लगायत | राजकुमार यादव, ४ नं. वडा अध्यक्ष | ९९८०७ | बंचिता एण्ड खुशी सप्लायर्स |
| २९९-२०७७।०३।१५ | ब्रोदर प्रिन्टर, डेस्कटप कम्प्युटर लगायत | अरुण कुमार सदा, का. सहायक, ५ नं. वडा | १२५७६९ | ऋषि कम्प्युटर सिस्टम |
| ४-२०७६।०७।०३ | ल्यापटप **i5, 8th Generation** | रोशन कम्प्युटर एण्ड ईलेक्ट्रोनिक्स | ६३५०० | बिषयगत शाखा |
| २-२०७७।०३।३१ | सोफा सेट -१ | रवि स्टिल फर्निचर | ४९८३३ | न्यायिक समित |
| ३३३-२०७७।०३।२३ | डिजिटल डिस्प्ले बोर्ड, एच पि आई फाईव ल्यापटप लगायत | लहान अफिस अटोमेशन सेन्टर | ५७७४३० | प्राविधिक शाखा प्रयोजन |
| ३२८-२०७७।०३।२४ | गाउँपालिकाको पर्श्व चित्र निर्माण | ईनोभेटीभ मिडिय एलाईन्स | ४९८००० | डकुमेन्ट्रीको सिडि र दाखिला नगरेको |
| | | जम्मा | १४१४३३९ | |

पालिकाले खरिद गरेको जिन्सी सामानहरुको कार्यलय प्रयोजनको सुनिश्चितता गर्दै जिन्सी दाखिला गर्न बांकि एकिन गरी आम्दानी जनाउनुपर्दछ ।

| दफा | लेखापरीक्षणबाट दखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| ३०. | **एसइइ तयारी कक्षाः**<br>पालिकाले अन्तर्गतको बिद्यालयहरुमा कोचिङ कक्षा संचालन गरेको छ । बिद्यालयको शिक्षक र कर्मचारीको तलब, भत्ता तथा बिद्यालय संचालन व्यवस्थापन केन्द्रीय सरकारले सशर्त अनुदान शिर्षकमा निकासा दिने गरेको र सोको प्रभावकारीता सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनगुमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ । पालिकाले बिद्यालय गुणस्तरीय र प्रभावकारी रुपमा बार्षिक कार्यतालिका अनुसार नियमित रुपमा संचालन भए नभएको, शिक्षकको नियमित उपस्थिती र कक्षा संचालन भएको अनुगमन गरी, केन्द्रीय सरकारले जारी बार्षिक कार्यक्रम कार्यन्वयन पुस्तिकाको अक्षरश पालना गराएर शिक्षण कार्य सम्पन्न गरी थप कोचिङ कक्षा संचालन गर्नु नपर्नेगरी शैक्षिक प्रशासन संचालन गर्नुपर्नेमा पालिकाले कोचिङ कक्षा | |

| दफा | लेखापरीक्षणबाट दखिएको व्यहोरा | बेरुजू रकम रु. |
|---|---|---|
| | संचालन गर्नुपर्नाको कारण र आवश्यकता स्पष्ट नगरी, शिक्षकहरुबाट बिद्यालय संचालनको अवधिमा कक्षा संचालन गरेको भनि देहायको बिद्यालयहरुलाई निकासा गरेको अनियमित रु. | ६६७६३३ |

| भौ.नं. | मिति | बिद्यालयकोनाम | पाउनेको नमा | रकम |
|---|---|---|---|---|
| ४७ | २०७६/०७/०५ | मा बिराजपुर, वडा २ | संयोजकबिरेन्द्र महतो | ७५,८३३ |
| ८२ | २०७६/०८/१० | मा बिराजपुर, वडा नं २ | संयोजकबिरेन्द्र महतो | ४१,८०० |
| १३० | २०७६/०९/१४ | ज मा बिगाैरिपुर (कक्षा ६ देखी १२ सम्म) | जनतामाध्यमिक बिद्यालय | ४,००,००० |
| १८९ | २०७६/११/२२ | मा बिराजपुरमा काेचिंग कक्षा संचालन | मोहन कुमारयादव | ५०,००० |
| २१४ | २०७६/१२/०४ | मा बिराजपुर, वडा नं २ | मोहन कुमारयादव | १,३०,००० |
| | | | जम्मा | ६९७६३३ |

३१. **स्वंयमसेवक शिक्षकः**पालिका मातहतको बिद्यालयहरुको बिद्यार्थि संख्या र कक्षा अनुसार आवश्यक शिक्षकको दर्बन्दी सृजना गरी सोको दायित्व केन्द्रीय सशर्त अनुदानबाट हुने गरेको छ । बिद्यार्थि संख्या अनुसार शिक्षकको कमि भएमा पालिकाले आवश्यक शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने र सोही अनुसार माग गर्ने व्यवस्था गर्नुपर्दछ । तर उपर्युक्त कार्य नगरी पालिकाको स्रोतबाट खर्च व्यहोर्ने गरी स्वयंमसेवक शिक्षक नियुक्ति गरी खर्च गरेको देखिन्छ । स्वयंसेवक शिक्षक नियुक्ति गर्दा प्रतिष्पर्धा विधि अवलम्बन गरेको देखिएन । छनौटमा पारदर्शिता सशर्त अनुदान शिर्षकबाट खर्च हुनुपर्नेमा पालिकाको कोषबाट खर्च हुने गरी दरबन्दी अनुसार पदपुर्तिको विवरण स्पष्ट नगरी स्वयंमसेवक शिक्षक नियुक्ती गरी खर्च गर्नु नियमसंगत देखिएन ।

| **भौ.नं.** | **मिति** | **कार्यक्रम** | **बिद्यालयकोनाम** | **स्वयंम सेवक शीक्षकको नाम** | **रकम** |
